१४१ श्री

आज मिति २०७८ साल चैत ६ गते भेरीगंगा नगरपालिकाका नगर प्रमुख श्री भूपेन्द्र बहादुर चन्द ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितीमा कार्यपालिका बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

**तपसिल :**

श्री भूपेन्द्र बहादुर चन्द नगर प्रमुख
श्री रेणु आचार्य, नगर उपप्रमुख
श्री हरि बहादुर थापा का.वा. वडा अध्यक्ष वडा नं. १
श्री नन्द बहादुर बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जित बहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री महाविर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेम बहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री बल बहादुर खड्का, वडा अध्यक्ष वडा नं. ६
श्री कर्ण बहादुर मिजार, वडा अध्यक्ष वडा नं. ७
श्री पदम बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ८
श्री लक्ष्मन राना, वडा अध्यक्ष वडा नं. ९
श्री मान बहादुर बुढा मगर, वडा अध्यक्ष वडा नं. १०
श्री तीलकराम डांगी, वडा अध्यक्ष वडा नं. ११
श्री हरि प्रसाद कडेल, वडा अध्यक्ष वडा नं. १२
श्री टीकाराम सर्वेदी, वडा अध्यक्ष वडा नं. १३
श्री रमना परियार, कार्यपालिका सदस्य
श्री प्रतिक्षा विक, कार्यपालिका सदस्य
श्री शेर बहादुर कामी, कार्यपालिका सदस्य
श्री खिम कुमारी राना, कार्यपालिका सदस्य
श्री मोतिसरा खत्री, कार्यपालिका सदस्य
श्री भुमीकला सुनार, कार्यपालिका सदस्य
श्री खिम बहादुर कामी, कार्यपालिका सदस्य
श्री विष्णु खत्री, कार्यपालिका सदस्य
श्री कृष्ण प्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

**सहयोगीहरु**

श्री रेशम बहादुर पुन (वडा नं. ४ अध्यक्ष सहयोगी
श्री मान बहादुर ठाडा, लेखा अधिकृत
श्री सिता कुमारी खत्री, शाखा अधिकृत
श्री कुल बहादुर खड्का, अधिकृत छैठौं
श्री लक्ष्मन बि.क, एम.आई.एस.अपरेटर

खरिदार माधव
श्री वीर बहादुर सुनार का.से

Scanned with CamScanner

**प्रस्ताव नं. १ : कृषि तथा वनविज्ञान संकाय (विएस्सीएजी) केन्द्रीय क्याम्पस सम्बन्धमा ।**

**निर्णय नं. १** : प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस भेरीगंगा नगरपालिकाको वडा नं. ११ रामघाटमा कृषि तथा वनविज्ञान संकाय (वि एस्सी.एजी) को केन्द्रीय क्याम्पसको लागी भेरीगंगा नगरपालिका र लेकबेशी नगरपालिकाको संयुक्त रुपमा मिति २०७८ कार्तिक १६ गतेको बैठकको निर्णय बमोजिम यस भेरीगंगा नगरपालिका अन्तर्गत निर्माण भएका एवंम निर्माणाधिन तपसिलका संरचनाहरुमा यसै शैक्षिक शत्रमा कक्षा संचालन गर्ने गरी प्रयोग गर्न दिनका लागि भेरीगंगा नगरपालिका वडा नं. ११ मा रहेको सेवाकेन्द्र अर्न्तगतको १५ बिगाहा जग्गा तथा सम्पुर्ण भवनलगायतका संरचनाहरु भएको पूर्वमा सुकिले विष्टको घरजग्गा, पश्चिममा जसविर चन्दको जग्गा, उत्तरमा रत्ना चन्द घर जग्गा र बाटो तथा दक्षिणमा खानेपानी टंकी तथा साझगोठेरी सामुदायिक वन रहेको उक्त शुद्ध ऐलानी जग्गा दर्ता प्रक्रियामा रहेके करिब १५ बिगाहा जग्गा विश्वविद्यालयको स्वामित्वमा रहने गरी उक्त कृषि तथा वन विज्ञान संकायको लागि हस्तान्तरण गर्ने निर्णय गरियो । साथै नेपाल सरकारको नियमानुसार मध्यपश्चिम विश्वविद्यालयलाई कृषि तथा वन विज्ञान क्याम्पसको लागि स्वामित्वमा हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपसिल**

१. भेरीगंगा नगरपालिका ११ रामघाट सुर्खेत सेवाकेन्द्र क्षेत्रभित्र पर्ने करिब १५ बिगाहा जग्गा दर्ता प्रक्रियामा रहेको, वन क्षेत्रभित्र नपर्ने र नगरपालिकाको मातहतमा रहेको हुँदा उक्त जग्गा मध्यपश्चिम विश्वविद्यालयको स्वामित्वमा रहने गरी उपलब्ध गराउने प्रतिबद्धता गरियो,

२. सेवाकेन्द्र भित्र निर्माण भएका ४ वटा भवनका ३२ वटा कोठा भएको भवन तथा १५ बिगाहा भित्रका हाल निर्माण सम्पन्न भएका २ वटा क्याम्पस भवनका २४ वटा कोठा कक्षा सहितका प्रशासनिक भवनसहित मध्यपश्चिम कृषि तथा वन विज्ञान (बि.एस्सी.एजी) संकाय संचालनका लागि मध्यपश्चिम विश्वविद्यालयको स्वामित्वमा दिने प्रतिबद्धता गरियो,

३. सेवाकेन्द्रभित्र रहेको जग्गामा विस्तृत परियोजना प्रतिवेदन अनुसार थप भौतिक संरचनाहरु तयार गर्नका लागि नगरपालिकाबाट आगामी बर्ष रु.२०००००० (अक्षरुपी दुई करोड मात्र) प्रदान गर्नका लागि प्रतिवद्धता पेश गर्ने निर्णय गरियो । साथै प्रदेश सरकारका माननिय सांसदहरुसँग रु.४०००००० ( अक्षरुपी : चार करोड मात्र) उपलब्ध गराउने प्रतिवद्धता भए अनुसार अनुरोध गर्ने साथै प्रदेश सरकार र संघीय सरकारसँग उक्त क्याम्पसका लागि रु.१००००००० ( अक्षरुपी: दश करोड मात्र) रकम माग गर्न सिफारिस गर्ने प्रतिबद्धता गरियो,

४. हाल त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त हिमशिखर बहुमुखी क्याम्पसलाई म.प. विश्वविद्यालयको आंगिक क्याम्पसका लागि आवश्यक प्रक्रिया सहित कागजात तयार गरी नीतिगत व्यवस्थाको लागि अनुरोध गर्ने,

५. मध्यपश्चिम विश्वविद्यालयको कृषि तथा वन विज्ञान संकाय अर्न्तगत संचालित वि एस्सी.एजी केन्द्रिय क्याम्पस स्थापनाका निमित्त पूर्वमा लामितँडा, पश्चिममा बिउरेनी गाउँ, उत्तरमा तोलिखोला र दक्षिणमा चुरे पहाड चारकिल्ला रहेको ससाना बुट्यान भएको जग्गा करिब ५०० रोपनी जमिन भएको उक्त स्थानमा पर्याप्त पानी समेत भएको अर्गानिक कृषि तथा वनविज्ञान विश्वविद्यालयको वि.एस्सी.एजी कार्यक्रमका विभिन्न क्रियाकलपाहरु तथा प्रयोगात्मक कक्षहरु व्यवस्था गर्न जग्गा ( जमिन) उपलब्ध गराउने सर्वसम्मतीले निर्णय गरियो साथै सो कार्यका लागि नियमानुसार प्रक्रिया अघि बढाइदिनुहुन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. २ : कर्मचारीलाई कामकाजमा खटाउने सम्बन्धमा ।**

**निर्णय नं. २ :** यस भेरीगंगा नगरपालिकामा भूमि आयोगमा खटाईएका तपसिल बमोजिमका अमीनहरुलाई थप १ महिनाका लागि खटाउने निर्णय गरियो ।

तपसिल

१. नविना विष्ट, भेरीगंगा १०

२. राम बहादुर खत्री, भेरीगंगा ४

३. सुनिल बुढाथोकी, भेरीगंगा ८

**प्रस्ताव नं. ३ : बाढिपिडितहरुको दोस्रो किस्ता उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ३ :** यस भेरीगंगा नगरपालिकामा वि.स. २०७१ सालको बाढीपिडित दोस्रो ३८ घरपरिवारलाई पहिलो किस्ता वापत रु.१,५०,०००। दिइसकेको र उक्त रकम लिई पिडितले घर वा जग्गा मध्ये एक वा दुवैमा खर्च भएको प्रमाण पेश गरेका (घर वा जग्गा भएपनि पहिलो किस्ता लिनुभन्दा पहिले नै बनाएको वा खरिद गरेको) पिडितलाई दोस्रो किस्ता वापत रु.१,५०,०००। उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ : स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा प्रकाशन सम्बन्धमा ।**

**निर्णय नं. ४ :** यस भेरीगंगा नगरपालिकाको संस्थागत क्षमता स्वमूल्यांकनको नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ : अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ५ :** यस भेरीगंगा नगरपालिकाबाट मिति २०७८।१२।२ गतेका दिनमा गरेको सामुदायिक मनोपरामर्शकर्ता छनौट सम्बन्धि कार्यका लाई अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ : अनुमोदन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. ६ :** यस भेरीगंगा नगरपालिकाबाट भएको आर्थिक सहयोगलाई अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. ७ : खर्च उपलब्ध गराउने सम्बन्धमा ।**

**निर्णय नं. ७:** यस भेरीगंगा नगरपालिकाको साविक कोटमाभ्रुखर्कको फिल्डमा लगत कट्टा गर्न खटिने प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुको लागि मिति २०७८।१२।०६ देखि २०७८।१२।१० गते सम्म लाग्ने खाजा, खाना र आवास खर्च व्यहोर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ : ल्याव सेवा संचालन सम्बन्धमा ।**

**निर्णय नं. ८:** यस भेरीगंगा नगरपालिका मैनतडा स्वास्थ्य चौकीमा ल्याव सेवा संचालन गर्ने सो को सेवा शुल्क मैनतडा स्वास्थ्य चौकी व्यवस्थापन समितिले निर्णय गरेबमोजिम गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**प्रस्ताव नं. ९ : कार्यविधि संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ९:** यस भेरीगंगा नगरपालिकामा उपप्रमुख स्वरोजगार कार्यक्रम संचालन कार्यविधि २०७८ को परिच्छेद ४ उपदफा (८) को (१) ङ मा भएको अनुदान रकम प्रदान गर्दा प्राइभेट वा साझेदारी रुपमा सम्बन्धित व्यक्तिले ५० प्रतिशत नगद साझेदारी व्यहोर्ने व्यवस्था भएकोमा उक्त व्यवस्थालाई संशोधन गर्दै अनुदान रकम प्रदान गर्दा प्राइभेट फर्म, व्यक्तिले साझेदारीको रुपमा उपप्रमुख स्वरोजगार तथा सशक्तिकरण समितिको निर्णय बमोजिम सहभागीको अवस्थाको मूल्यांकन गरी १० प्रतिशत देखि ५० प्रतिशत सम्म सहकार्य गराउन सकिने व्यवस्था संशोधन गरियो ।

**प्रस्ताव नं. १० : कार्य बढाउने सम्बन्धमा ।**

**निर्णय नं. १०:** यस भेरीगंगा नगरपालिका वडा नं ८ खिमलाल शर्माको मिलदेखि सामाखोरिया जाने सडक (वडा नं. ८ र ७) को सडक मर्मत तथा संम्भार कार्यको लागि सडक बोर्ड नेपाल मिनभवन काठमाडौंबाट रु.३५ लाख विनियोजन भएको र यस भेरीगंगा नगरपालिकाले ३० प्रतिशत समपुरक कोष वापत रु. ११ लाख ६७ हजार विनियोजन गर्ने गरी तत्काल उक्त सडकको मर्मत सम्भार कार्य अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : होमस्टे तालिममको सामग्री सम्बन्धमा ।**

**निर्णय नं. ११:** यस भेरीगंगा नगरपालिकाको उद्योग विकास शाखाद्धारा संचालित होमस्टे तालिमका लागि विभिन्न सामग्री खरिद भएकोमा उक्त सामग्री सम्बन्धित समूहलाई निशुल्क रुपमा हस्तान्तरण गर्ने निर्णय गरियो ।

Scanned with CamScanner